चामुण्डाविन्द्रासैनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

जम्बुकाँध,दैलेख
कर्णाली प्रदेश ,नेपाल

चामुण्डाविन्द्रासैनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय जम्बुकाँध, दैलेख कर्णाली प्रदेश,नेपाल

पत्र सँख्या :

चलानी नम्बर: १३१२

मिति :२०७५।०२।२६

विषय: बस्तिस्तरबाट योजना छनौटकोलागि बजेट सीमा तथा मार्ग दर्शन पठाईएको ।

श्री १–९ नम्बर वडा कार्यालय ,

चामुण्डाविन्द्रासैनी नगरपालिका ,जम्बुकाँध ,दैलेख ।

श्री सामान्य प्रशासन शाखा

श्री राजश्व तथा आर्थिक प्रशासनशाखा

श्री शहरी पूर्वाधार विकास शाखा

श्री आर्थिक विकास शाखा

कृषि, पशुपन्छी तथा सहकारी कार्यालय

उद्योग तथा उद्यमशिलता विकास उपशाखा

श्री सामाजिक विकास शाखा
श्रीवन, वातावरण, फोहोरमैला तथा विपद् व्यवस्थापन शाखा
श्री भूमि व्यवस्थापन तथा भवन नियमन शाखा
श्री न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन शाखा
श्री योजना, अनुगमन तथा तथ्यांक शाखा
श्री खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय दैलेख
श्री जिल्ला वनकार्यालय दैलेख
श्री घरेलु तथा सानाउद्योग विकास समिति शाखाकार्यालय दैलेख
श्री महिला तथा वालवालिका कार्यालय दैलेख
श्री स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) नेपालगञ्ज
श्री पहाडी सानाकिसानका लागि अनुकुलन आयोजना (आशा)
श्री ग्रामिण सामुदायिक पूर्वाधार विकास कार्यक्रम (RCIW) दैलेख
श्री ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना (RVWRMP) दैलेख
श्री गरिबी निवारण कार्यक्रम,स्थानीय विकासकोष दैलेख
श्री उच्च मूल्य कृषि वस्तु विकास आयोजना (High Value) सुर्खेत
श्री सामाजिक सेवा कोन्द्र (सोसेक नेपाल)दैलेख
श्री एभरेष्ट क्लव दैलेख
श्री सामुदायिक स्वस्थ्य तथा वातावरण संरक्षण मञ्च सेवाक दैलेख

नेपालको सँविधान २०७२ ,स्थानीय सरकार सँचालन ऐन २०७४ , स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन ,२०७४ (परिमार्जित) , अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ तथा नेपाल सरकार अर्थ मन्त्रालय (अन्तर सरकारी वित्त व्यवस्थापन महाशाखा) सिहदरवार काठमाण्डौको चलानी नम्बर १२०२ मिति २०७४।१२।२१को पत्र र यस नगरपालिकाको मिति २०७५।०२।२४ गते सँचालन भएको पूर्व याजना तर्जुमा गोष्ठी समेतका आधारमा यस नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वार्षिक याजना तथा वजेट तर्जुमाको ७ चरण कार्यक्रम सँचालनगरी मिति २०७५।०३।१० गते निर्देशिकाले निर्धारण गरेको मितिमा नगर सभामा मा आब ०७५।७६ को नीति,योजना तथा बजेट प्रस्तुत गर्नु पर्ने भएकोले नगरपालिकाले सँचालन गर्ने योजना तथा

चामुण्डा विन्द्रासैनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जम्बुकाँध, दैलेख
कर्णाली प्रदेश,नेपाल

कार्यक्रम , वडाहरुले सँचालन गर्ने योजना तथा कार्यक्रम ,विषयगत शाखाहरुले सँचालन गर्ने योजना तथा कार्यक्रम ,यस नगरपालिकामा क्रियाशिल सरकारी तथा गैर सरकारी सँघ सँस्थाहरुले सँचालन गर्ने योजना तथा कार्यक्रम ,विधालयहरुका योजना तथा कार्यक्रमहरु बस्तीस्तरबाट छनौटगरी वडा समितिको प्राथमिकीकरण निर्धारणगरी निर्णय सहित यही २०७५ असार ६ गते भित्र यस नगरपालिकामा प्राप्तहुनेगरी हार्ड कपी र सप्टकपी पठाउनु हुन देहाय बँमोजिम वजेट तथा मार्ग दर्शन सहित पठाईएको व्यहोरा अनुरोध छ ।

| अनुदान शिर्षक | जम्मा<br>रु. १००० मा | नगरपालिकाद्धारा सँचालित योजना । कार्यक्रम<br>रु. १००० मा | वडाद्धारा सँचालित योजना<br>रु. १००० मा | विषयगत शाखा<br>रु. १००० मा | कैफियमत |
|---|---|---|---|---|---|
| वित्तिय समानीकरण अनुदान | ९४००० | ४०००० | ४५००० | ९००० | |
| सशर्त अनुदान | १११९०० | | | १११९०० | |
| राजश्व वाँडफाँड | ६७२६९ | ६७२६९ | | | |
| आन्तरिक आय | ६००० | | | | |
| जम्मा | २७८३६९ | १०७२९ | ४५००० | १२०१०० | |

वस्ति तथा वडा स्तरबाट संचालित योजना तथा कार्यक्रमको लागि छुट्याइको रकम रु.४ करोड ५० लाखलाई जनसंख्या,भूगोल र अन्य समान सुचांकको आधारमा देहायअनुसार वडागत रुपमा बाडफाँड गरिएको छ

| वडा नं. | जनसंख्याको आधारमा (२० प्रतिशत) विनियोजित रकम | भुगोलको आधारमा (१० प्रतिशत) विनियोजित रकम | समानताको आधारमा विनियोजित रकम | जम्मा विनियोजित रकम |
|---|---|---|---|---|
| १ | १०३५४८०।१८ | ५४६९१४।६७ | ३५००००० | ५०८२३९४।८५३ |
| २ | १०९४४७४।०९ | ६४०७९९।२१ | ३५००००० | ५२३५२७३।२९१ |
| २ | ८४५१२१।९५१ | ४६०९७८।०३ | ३५००००० | ४८०६०९९।९८४ |
| ४ | १०९४१३१।१ | ५३७४७६।५४ | ३५००००० | ५१३१६०७६४ |
| ५ | ११९४२८३।५४ | ४१९७४८।३२ | ३५००००० | ५११४०३१।८५३ |
| ६ | ११११९६६।४६ | ५८०१९६।४९ | ३५००००० | ५१९२१६२।९५३ |
| ७ | ७९६७६०।६७१ | ७२६२३९।१ | ३५००००० | ५०२२९९९।७७ |
| ८ | ९३८४१४।६३४ | २९७५४९।४ | ३५००००० | ४७३५९६४।०३३ |
| ९ | ८८९३६७३७८ | २९००९८।२४ | ३५००००० | ४६७९४६५।६२३ |

- ✓ साविकमा संघीय सरकारबाट सन्चालन हुदै आएका तर हाल स्थानीय सरकारले निरन्तरता दिनु पर्ने भई हस्तान्तरण भई आएका कार्यक्रम तथा आयोजना हरु
- ✓ नेपालको सविधानको अनुसुचिहरुमा उल्लेखित आधारभुत जिम्बेवारीहरुमा रहने कार्य एवंम बिभिन्न तहका सकार वाट स्वीकृत कार्य बिस्तृतीकरण उल्लेखित कार्यक्रम मध्य स्थानिय तह वाट सम्पादन गर्नु पर्ने देहाय वमोजिमका कार्यका लागी यथेष्ट रकम विनियोजन गरे पछी मात्र अन्य कार्यक्रम तथा आयोजनामा रकम बिनियोजन गर्नु पर्ने ।
- ✓ देहायको मार्गदर्शन अनुसार आयोजना तथा कार्यक्रम छनौट गर्नु पर्ने छ ।

चामुण्डा विन्ध्यासैनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जम्बुकाँध, दैलेख
कर्णाली प्रदेश, नेपाल

क) आधारभुत तथा माध्यमिक शिक्षा सम्वन्धि कार्य ।

ख) आधारभुत स्वाथ्य र सरसफाई सम्वन्धि कार्य ।

ग) कृर्षि तथा पशुपालन सशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य सहकारी सम्वन्धि कार्य ।

घ) कृर्षि प्रसारको व्यवस्थापन संचालन नियमन यवम् खानेपानी सम्बन्धि कार्य ।

ङ) स्थानीय खानेपानी सम्बन्धि नीति योजना कार्यन्वयन र नियमन खानेपानि सेवा व्यवस्थापन सम्वन्धि कार्य ।

च) स्थानीयसाना सतह तथा भूमिगत सिचाई प्रणलिको संचालन र ममत सम्वार कार्य ।

छ) स्थानीय तटवन्धन नदी नियन्त्रण तथा नदी व्यवस्थापन सम्वन्धि कार्य ।

ज) सामुदायिक भु संरक्षण, स्थानीय पहिरो नियन्त्रण र व्यवस्थापन सम्वन्धि कार्य ।

झ) खेलकुद विकास र प्रर्वद्धन सम्वन्धि कार्य ।

ञ) स्थानीय यातायात व्यवस्थापन सम्वन्धि कार्य ।

- ✓ स्थानिय तहले बहन गर्नु पर्ने अनिवार्य दायित्वका विषयहरु शिक्षा, स्वास्थ्य, खानेपानि जस्ता आधारभुत सेवा प्रभावाका लागी संचालन हुने कार्यक्रम तथा आयोजना हरु
- ✓ सम्वन्धित स्थानिय तहको सन्तुलित विकासमा टेवा पुरेउने पुवाधार तथा आयोजनाहरु
- ✓ सामाजिक यवं आर्थिक दृष्टिले कमजोर तथा तुलनात्मकरुपमा विकासको मुल प्रवाहमा पछि परेका वर्ग वा समुहको उत्थान एवं मुलप्रवाहिकरणमा योगदान पुर्याउने कार्यक्रम तथा योजनाहरु , साथै समानिकरण अनुदान वापत प्राप्त रकम अध्ययन भ्रमण वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं संचालन खर्चका लागी विनियोजन नगरी` विकास निर्माण तर्फ खर्च गर्नेगरी प्राथमिकता निर्धारण गर्नु पर्ने छ ।

**बस्ती तहका योजना छनौट गर्दा निम्न अनुसार गर्नु पर्दछ**

- ❖ **वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरुलाई विभिन्न वस्ती टोलको योजना तर्जुमा गर्नसहजीकरण गर्नेगरी जिम्पेवारी प्रदान गर्नु पर्दछ ।**
- ❖ **योजना तर्जुमा तथा वजेट विनियोजन गर्दा जम्मा वजेटकाट महिला लक्षित कार्यक्रमको लागि १० प्रतिशत,वालवालिका लक्षित कार्यक्रमको लागि १० प्रतिशत र जेष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपांगता भएका व्यक्तिहरु तथा मुश्लिम तथा पिछडा वर्गको लागि १५ प्रतिशत रकम विनियोजन गरेर मात्र वाँकी रकम विनियोजन गर्नु पर्ने छ ।**
- ❖ **न्यूनतम पन्ध्रलाख लागत हुने गरी वडामा एउटा गौरवको योजना छान्नु पर्ने छ ।**
- ❖ **लक्षित समुहका योजना वाहेक पाँचलाख लागत भन्दा कम लागतको योजना छनौट नगर्ने ।**
- ❖ **प्रत्येक वडाले वडाभित्रका बस्तीहरुमा योजना तर्जुमाकोलागि बैठक हुने दिन मिति र समय कम्तिमा ३ दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउनु पर्दछ ।**
- ❖ **बस्तीहरुका योजना छनौट गर्दा सो वस्ती भित्रका सवै बर्ग र समुदायका महिला, दलिल, आदिवासी जनजाति, मधेशी, थारु, मुस्तिम, उत्पिडित वर्ग, पिछडा वर्ग, अल्प सँङ्ख्यक, सिमान्तकृत, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग, आदि को प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ ।**
- ❖ **टोल बस्तीमा हुने योजना तर्जुमा प्रकृयामा टोल बस्ती भित्रका क्रियाशील समूदाय सँस्थाहरु, टोल विकास सँस्था, आमा समुह, वाल क्लब, सँजाल, युवा क्लब, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समुह जस्ता समुहहरुलाई पनि सहभागी गराउनु पर्नेछ ।**
- ❖ **माथि उल्लेख भए बँमोजिमका सरोकारवालाहरुको अधिकाधिक सहभागीता हुनेगरी वडा सदस्यको सँयोजनमा निर्धारिस समय मिति र स्थानमा उपस्थित भै योजना छनौटको सम्बन्धमा अन्तरकृया**

चामुण्डा विन्द्रासैनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जम्बुकाँध, दैलेख
कर्णाली प्रदेश, नेपाल

छलफल विमर्श गरी योजनाहरुको छनौट गर्नु पर्नेछ । यसरी छनौट भएका योजनाहरुको सूची सँयोजकले लिखित रुपमा वडा समितिमा पठाउनु पर्नेछ ।

- ❖ श्रोत अनुमान तथा वजेट सीमा निर्धरण समितिबाट प्राप्त बजेट सीमा र मार्ग दर्शनको आधारमा सम्बन्धित वडाहरुले वस्ती टोलबाट प्राप्त योजनाहरुमध्यबाट वडाकोलागि प्राप्त बजेट सीमाको अधिनमा रही योजनाहरुको छनौट र प्राथमिकता निर्धारण समेतगरी अनुसूची ४ बँमोजिमको ढाँचामा वजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नु पर्दछ ।
- ❖ बस्ती टोलबाट योजना माग गर्दा वडास्तरका महत्वपूर्ण योजनाहरु छुट भएको अबस्थामा वडा समितिले त्येस्ता योजनाहरु वडा समितिको वजेट सीमाभित्र रही औचित्यको आधारमा समावेश गर्न सक्नेछ ।वडाको वजेट सीमा भित्र कार्यान्वयन हुन नसक्ने गाउ नगर स्तरीय महत्वपूर्ण आयोजनाहरु भएमा वडा समितिले नगरपालिकामा छुट्टै सूची पठाउन सक्नेछ ।
- ❖ वडा समितिले आयोजनाको प्राथमिकीकरण गर्दा श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले तोकेको आधारहरु बँमोजिम गर्नु पर्नेछ ।
- ❖ आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुरयाउने
- ❖ उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।
- ❖ जनताको जीवनस्तर आम्दानी र रोजगारी बढने ।
- ❖ स्थानीय जनसहभागीता जुटने स्वयँ सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने ।
- ❖ स्थानीय श्रोत साधन र सीपको अधिकतम् प्रयोग हुने ।
- ❖ महिला बालवालिका तथा पिछडिएको क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने ।
- ❖ लैङ्गिक समानता र सामाजिक समाबेशीकरण अभिबृद्धि हुने ।
- ❖ दिगो विकास वाताबरणीय सँरक्षण तथा सम्बर्धन गर्न सघाउ पुरयाउने ।
- ❖ भाषिक तथा सँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिबृदिमा सघाउ पुरयाउने ।
- ❖ स्थानीय तहले ठानेका अन्य विषयहरु ।

..........................

(बाबुराम नेपाली)
नि.प्रमुख प्रशासकीय अधिकृत

बाबुराम नेपाली
(नि.प्रमुख प्रशासकिय अधिकृत)